

# सिमान्तकृत समुदायको सशक्तीकरणमा
# सामाजिक परिवार

समग्र
बुलेटिन



| | | |
|---|---|---|
| अंक - ७ | चैत्र २०६६ | पेज १ |



## डानिडाह्युगोको भ्रमण दलबाट सामाजिक परिवारको अवलोकन



डानिडाह्युगोका कार्यक्रम संयोजक लार्स पिटर क्रिस्टेन्सेनसहितको टिमले यही फागुन १४ र १५ गते धादिङ्ग, गजुरीको पञ्चकन्या सामाजिक परिवार र गोरखा, पृथ्वीनारायण नगरपालिकाको जनजागरण सामाजिक परिवारको भ्रमण गरी सामाजिक परिवारहरूका सदस्यहरूसँग अन्तरक्रिया र उनीहरूको गतिविधिको अवलोकन गरें । भ्रमण दलमा लार्ससहित मेलिशा र हुगोका मानवअधिकार सल्लाहकार मुकुन्द कट्टेल सहभागी थिए । भ्रमण दलले सामाजिक परिवारका प्रतिनिधिहरुसँग अन्तरक्रियापश्चात् समग्रको धादिङ्ग जिल्ला कार्यालय र क्षेत्रीय कार्यालय गोरखाको अवलोकन गर्नुका साथै त्यहाँ कार्यरत समग्रका कर्मचारीहरूसँग भेटघाट गरी फिल्डको गतिविधिलगायत विषयमा अन्तरक्रिया गरेका थिए ।

सामाजिक परिवारसँगको अन्तरक्रियामा आफ्नो भनाइ राख्दै कार्यक्रम संयोजक क्रिस्टेन्सेनले भन्नुभयो- "एक अर्काबीचको सहयोग, सामाजिक एकता, बालबालिकालाई अनिवार्य विद्यालय पठाउने कार्य, सरसफाई, आयआर्जनका कार्यहरू, आदि सबैले सामाजिक परिवारका सदस्यको चेतना तथा जीवनस्तर उठाउन सहयोग पुर्‍याइरहेको छ । सबै सदस्यले आफ्नो आत्मसम्मान र सबै बराबर देख्ने



कार्य राम्रो छ । सामाजिक परिवारले श्रोत परिचालन गरेर आफूभित्रको क्षमता प्रदर्शन गरेको छ । मृत्यु, सुत्केरी, बिरामी, विवाहजस्ता मर्दापर्दाका बखतमा एक अर्कालाई नगद तथा सामग्रीहरूसहित सघाउने सामाजिक नियम जुन सामाजिक परिवारले पालन गर्दै आएको छ, यो नयाँ किसिमको सामाजिक सुरक्षा हो, यो निकै महत्वपूर्ण छ । त्यस्तै सामाजिक परिवारको प्रयासले स्थानीय निकायहरूको साथै केन्द्रीयस्तरका आयोजनाहरू समेत ल्याई सञ्चालन गर्न सक्षम भएकोमा मलाई ज्यादै खुसी लागेको छ, यस्ता कार्यहरू अझै जारी राख्दै जानुहोस् ।

हामी सबै समान छौं, हाम्रो अधिकार समान छ । कोही ठूलो-सानो हुँदैन । सरकारी सेवा उपयोग गर्ने प्रक्रिया

सबैलाई समान हुनुपर्दछ । विभेद हुनुहुँदैन । जुनसुकै जातिका भए तापनि समान छौं । राजनैतिक रूपमा पनि हामी समान छौं । नयाँ नेपाल निर्माणमा यो महत्त्वपूर्ण छ । हामी द्वन्द्वमुक्त छैनौं । हामीबीचमा धेरै विवाद छ । तर यसलाई हिंसामा परिवर्तन हुन दिनुहुँदैन । हामीले हाम्रो समस्यालाई समाधान गर्न शान्तिपूर्ण मार्ग अपनाउन सक्छौं, यी कार्य सामाजिक परिवारले गर्दै आएको छ । यसलाई अगाडि बढाउनु अझै जरुरी छ । हामीलाई विश्वास छ समग्रले जसरी सामाजिक परिवारको अवधारणाले काम गरेको छ यो हामी सबैका लागि नयाँ छ । यसले समाजलाई रूपान्तरण गर्न सक्छ । सामाजिक परिवारबाट नेपालका राजनैतिक दलका नेताहरूले पनि धेरै कुराहरू सिक्न जरुरी छ ।"



यस अघि अन्तरक्रियामा सहभागी सामाजिक परिवारका सदस्यहरुले तँछाड मछाड गर्दै सामाजिक परिवार मार्फत आफू र समाजमा आएको सकारात्मक परिवर्तनहरूको फेरिस्त प्रस्तुत गरेका थिए । जनजागरण सामाजिक परिवारका सचिव बिबा अच्छामीले सामाजिक परिवारमा आबद्ध भएपछि सबे जातिका महिलाहरू एउटै धारामा पानी भर्ने गरेको, सँगै खुसीसाथ बैठकहरू गर्ने गरेको, छोइछिटोको साथै अन्य जातीय विभेद हटेको, हरेक घरमा शौचालय निर्माण गरी खुला दिसामुक्त क्षेत्र बनाएको, आवाजविहीन महिलाहरू सशक्तरूपमा बोल्न सक्ने भएको, नियमित बचतबाट सहकारी संस्था निर्माण गरी सञ्चालनमा ल्याएको लगायतका थुप्रै उपलब्धिहरू हासिल गर्न सकेको बताइन् । अर्की वृद्धाले थपिन्, "सबै जातिका हामी पुराना पुस्ताका सासूहरू र नयाँ पुस्ताका बुहारीहरू कुनै भेदभाव नगरी बैठक बस्छौं, सँगै भारापर्म गर्छौं, सँगै खानपिन गर्छौं । सामाजिक परिवारमा रहेर काम गर्नुअघि र अहिलेको अवस्था तुलना गर्दा आफूलाई अचम्म लाग्छ । "



## क्षेत्रस्तरीय मानवअधिकार तथा द्वन्द्व व्यवस्थापन तालिम सम्पन्न

यस केन्द्रको आयोजनामा ३ दिने क्षेत्रस्तरीय नेतृत्व विकास तालिम यही फागुन १४ देखि १६ गतेसम्म गोरखाबजारमा सञ्चालन भयो । त्यस तालिममा गोरखा, धादिङ्ग र लमजुङ्ग जिल्लाका गरी २७ जना सहभागी भए, जसमा १६ जना महिला र २० जना दलित तथा जनजाति थिए । तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि माननीय जिल्ला न्यायाधीश प्रभा बस्नेतले सिमान्तकृत समुदायको चेतना जगाउने र सामाजको रुपान्तरण गर्ने कार्यमा समग्र विकास सेवा केन्द्र लागी परेकामा धन्यवाद दिँदै समाज रूपान्तरणको



क्रममा राज्यको मात्र भर नपरी व्यक्ति आफै अघि बढ्नुपर्ने र आफ्नो अधिकारका लागि लड्दा अरूको अधिकारको हनन गर्न नहुने विचार व्यक्त गर्नुभयो । उद्घाटन कार्यक्रममा गोरखाका विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाको प्रमुख तथा प्रतिनिधिहरू, स्थानीय पत्रकारहरूका साथै तालिमका सहभागीहरू तथा आयोजक संस्था समग्रका प्रतिनिधिहरूको सहभागिता थियो ।



तालिमको पूर्ण सफलताका लागि शुभकामना दिने क्रममा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, प्रहरी उपरीक्षक, सहायक प्रमुख जिल्ला अधिकारी, वरिष्ठ कृषि विकास अधिकृत, गैसस महासंघ गोरखाका अध्यक्ष, पत्रकार महासंघ गोरखाका सचिवलगायतका अतिथि वक्ताहरूले गोरखा जिल्लामा स्थानीयस्तरमा गठित सामाजिक परिवारहरूमा सामावेशीकरणमार्फत उनीहरुको जीवनस्तर उकास्न समग्रले गरेको सहयोग प्रभावकारी भएको र आगामी दिनमा अझ दूर-दरारमा रहेको सिमान्तकृत समुदायलाई समेटेर अगाडि बढोस् र सामाजिक परिवारलाई अझ बलियो बनाउन यो तालिमले आधार प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गरेका थिए ।

यस तालिममा अधिकार, कर्तव्य तथा मानवअधिकारको अवधारणा, मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरु, मानवअधिकार हनन्, ज्यादती र अपराध, मानवअधिकार संरक्षण र प्रवर्द्धनमा सामाजिक परिवारको भूमिका, मानवअधिकार अनुगमन, द्वन्द्वका कारण विश्लेषण र औजारहरू, सञ्चार - संवाद र विवाद, वार्ता, सहजीकरण, अधिकारमा आधारित कार्यप्रणाली र वकालतका तौर-तरिकाहरू आदि विषयहरू समावेश गरिएका थिए । तालिमलाई डानिडाह्युगोका मानव अधिकार सल्लाहकार मुकुन्द कट्टेल, समग्रका प्रेमराज ढुंगेल र अमर अधिकारीले सहजीकरण गरेका थिए ।



सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्दै मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य स्थानेश्वर दुवाडीले संविधान निर्माणको संघारमा सम्पन्न यो तालिमले आफ्नो अधिकार खोज्नमा सहयोग पुग्ने कुरा व्यक्त गर्नुभएको थियो । तालिमका सहभागीहरु गोरखा फूलबारी सामाजिक परिवार वोर्लाङको अध्यक्ष कमला कुमाल, रैराङ सामाजिक परिवार धादिङका अध्यक्ष उर्मिला लामा र मनाङवेशी सामाजिक परिवार चिति लमजुङका सचिव रञ्जिता तिवारीले तालिम उपलब्धिमूलक भएको र सहभागीहरूले सिकेका ज्ञान र सीपहरुलाई आफ्नो सा.प.का अरू सदस्यहरूलाई सिकाउने र व्यावहारिक रूपमा प्रयोग गर्ने विचार व्यक्त गरेका थिए ।

## सामाजिक परिवारको भवन उद्घाटन

अन्नपूर्ण सामाजिक परिवार खोप्लाङ्ग, गोरखाले निर्माण गरेको सामुदायीक भवन स्थानीय बयोवृद्ध श्री फैव तामाङले एक समारोहबीच उद्घाटन गर्नुभयो । कुल लागत १ लाख ४५ हजारमा निर्माण कार्य सम्पन्न भएको सो भवनका लागि खोप्लाङ्ग गा.वि.स.बाट रु दस हजार र स्थानीय सामुदायिक वनबाट रु. दस हजार बाहिरी सहयोग प्राप्त भएको र बाँकी रकम सामाजिक परिवारका सदस्यहरूले देउसी-भैलोको साथै श्रमदानबाट उपलब्ध गराएको सामाजिक परिवारका अध्यक्ष श्रीमती मनश्री तामाङले बताउनुभयो । उहाँका अनुसार यस भवन निर्माणबाट नियमित बैठक सञ्चालनको साथै सामाजिक कार्यको लागि महत्त्वपूर्ण सहयोग पुग्नेछ ।



## जनता केन्द्रित वकालत (People Centered Advocacy) सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागिता

डानिडाह्युगोले आफ्ना तयनीतिक साझेदार संस्थाहरूका लागि आयोजना गरेको अन्तर्राष्ट्रिय स्तरको जनता केन्द्रित वकालतसम्बन्धी क्षमता अभिवृद्धि कार्यशाला गोष्ठीमा समग्रका प्रतिनिधिहरू सहभागी भए । यही माघ ५ देखि ८ गतेसम्म धुलीखेलमा ग्लोबल राइट्स, यू.एस.ए. र नेसनल सेन्टर फर एड्भोकेसी स्टडिज (NCAS), पूणेद्वारा सञ्चालित ४ दिवसीय उक्त गोष्ठीमा नेपाल र भारतमा भएका वकालतका उदाहरूणहरू प्रस्तुत गरी छलफल गर्नुका साथै वकालतका विधिहरूको बारेमा सहभागीहरूलाई प्रशिक्षण दिइएको थियो । गोष्ठीको अन्तिम दिन डानिडाह्युगोलगायत १३ वटै साझेदार संस्थाका प्रमुखहरूको समेत उपस्थितिमा यस गोष्ठीमा सिकेका कुराहरुलाई कसरी आफ्ना संस्थाका अभियानहरूमा लागू गर्ने र साझेदार संस्थाहरुरूसँग कसरी सहकार्य थप वृद्धि गर्ने भन्नेबारे छलफल गरी योजना समेत बनाइएको थियो ।

## अन्नपूर्ण सामाजिक परिवारको वार्षिकोत्सव तथा साधारणसभा सम्पन्न




गोरखा जिल्लाको खोप्लाङ्ग गा.वि.स.को ठूलोगैरीमा सञ्चालित श्री अन्नपूर्ण सामाजिक परिवारको वार्षिकोत्सव तथा प्रथम साधारण सभा यही माघ १६ गते सहिद दिवसको अवसरमा स्थानीय बयोवृद्ध पैट् तामाङको प्रमुख आतिथ्य र सा.प.को अध्यक्ष मनसरी तामाङको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त सामाजिक परिवारका सचिव सीता श्रेष्ठले गतवर्षको प्रगति प्रतिवेदन र भावी योजना प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदनमा आम्दानी रु. २,२८,२६३ र खर्च २,०५,००० रहेको, सा.प. परिवारमार्फत गाउँका दिदीबहिनीहरू संगठित र सशक्त हुन थालेको, अधिकारसम्बन्धी चेतना वृद्धि भएको, सामाजिक परिवारको पहलमा गाउँमा सामुदायिक भवन निर्माण सम्पन्न भएको, घर परिवारदेखि समुदायसम्म सरसफाइको अभियान सञ्चालन हुँदै आएको कुरा उल्लेख छ ।



साधारण सभाबाट पारित भएका भावी योजनाअन्तर्गतको आगामी छ महिनाको योजनामा फाल्गुण महिनामा गा.वि.स.को परिषद्मा भाग लिने र बिमेरेदेखि अन्नपूर्ण मन्दिरसम्म बाटो सफा गर्ने, चैत्रमा साक्षरता कक्षाका लागि पहल गर्ने, वैशाखमा जिल्लास्थित जिल्ला अस्पतालका डक्टरहरुको पहल र गोरखा आयुर्वेदसँग समन्वय गरेर स्वास्थ्य जाँच तथा परामर्श सेवा लिने, जेठमा उन्नत जातको धानको बीऊका लागि जिल्ला कृषि कार्यालमा समन्वय गर्ने, आषाढ महिनामा वृक्षरोपण गर्ने र श्रावणमा बाटो सफा गर्ने आदि उल्लेख छ ।

सो साधारण सभाबाट सामाजिक परिवारको नयाँ कार्यसमितिसमेत चयन भएको छ । जसमा मनसरी तामाङ अध्यक्ष, मानकाजी श्रेष्ठ उपाध्यक्ष, सीता श्रेष्ठ सचिव, सुस्मा श्रेष्ठ सह-सचिव, धनकुमारी श्रेष्ठ कोषाध्यक्ष र सदस्यहरूमा एकालक्ष्मी श्रेष्ठ, पार्वती श्रेष्ठ, धनमाया तामाङ र सुकमाया तामाङ निर्वाचित भएका छन् । सो कार्यक्रममा सांस्कृतिक टोलीबाट नाचगान प्रस्तुत गरिएको थियो ।

## माघ र फागुन महिनाभरी सञ्चालित/सम्पन्न नियमित गतिविधिहरू

| कृयाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानव अधिकारको अनुगमन | १ | २९ | ५ | ३४ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानवअधिकार उल्लङघनविरुद्ध जनचेतना अभियान | २ | ५९ | ५२ | १११ |
| २.४ | मानव अधिकार, द्वन्द्व व्यवस्थापन तथा नेतृत्व बिकास सम्वन्धी क्षेत्रीय स्तरको तालिम | १ | १५ | १२ | २७ |
| २.६ | मानव अधिकार, द्वन्द्व व्यवस्थापन, संस्थागत बिकास, असल शासन लगायत विषयहरुमा सा.प. स्तरको अभिमूखिकरण | ३ | ७७ | २५ | १०२ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेश / लविङ्ग भ्रमण | ७ वटा संस्था | | | |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरु विच अन्तरक्रिया | १ | ३ | १८ | २१ |
| ३.३ | मेलमिलाप कार्यक्रम | १ | ३० | ३ | ३३ |
| | सामाजिक परिवारको संस्थागत विकास सम्बन्धी गोष्ठी | २० वटा सामाजिक परिवार | | | |

### दलित महिला सतौनदेवी आवाजविहीनबाट अधिकारकर्मी

आजभन्दा ४६ वर्षअगाडि जन्मेकी सतौनदेवी सदाको स्थायी ठेगाना हर्दिया गा.वि.स.वडा नं. ५ सप्तरी हो। उनको परिवारमा ६ जना सदस्य छन्। उनी पहिले राम्रोसँग बोल्न नसक्ने, घुम्टो ओडेर हिँड्ने र नयाँ मानिस देखेपछि डराउने गर्थिन्। उनको परिवारको आर्थिक अवस्था कमजोर थियो। उनी परिवारका सदस्यसँगै मजदुरी गर्थिन्। आम्दानीको श्रोत भनेकै ज्याला-मजदुरी थियो।

२०६१ सालमा उनको गाउँमा जनकल्याण सामाजिक परिवारको गठन भयो। उनलाई आफ्नो भाग्य खुलेको जस्तो लाग्यो। उनी सामाजिक परिवारको अध्यक्ष भइन्। मानवअधिकारलगायत बिभिन्न तालिममा सहभागी हुदै गइन्। उनले आफ्नो हक-अधिकारको बारेमा थाहा पाइन्। सामाजिक परिवारले जिल्ला घरेलु कार्यालयसँग समन्वय गरेर सिन्के चाउचाउ बनाउने तालिम सञ्चालन गरे। त्यसै गरी पशुविकास कार्यालयबाट २-२ वटाका दरले बाखा प्राप्त गरी उनीहरू बाखा पालन गरी आफ्नो आय बढाउने कार्यमा सरिक हुँदै गए। सामाजिक परिवारको माध्यमबाट उनीहरु संगठित हुँदै विभिन्न सेवादायी निकायहरूमा स्रोत साधानहरूको खोजी गर्दै गए। उनको सामाजिक परिवारले हालसम्म झन्डै १० लाखबराबरको श्रोतहरू परिचालन गरिसकेको छ। उनैको भनाइमा “महिला अधिकारको बारेमा थाहा पाउँदै म अहिले महिला अधिकारकर्मी भएकी छु। परिवारलाई आयमूलक काममा लगाएपछि घर धान्न पनि गाह्रो भएको छैन। मैले अहिले मजदुरी गर्ने कार्यबाट मुक्ति पाएकी छु। म समग्रको साधारण सदस्य पनि भएकी छु। मलाई विभिन्न संस्थाहरूले कार्यक्रममा बोलाउने गर्दछन्। पहिला कसैले वास्ता नगर्ने मलाई अहिले महिला नेताको रूपमा सम्मान गर्दछन्। मलाई कार्यक्रममा भाग लिएर फुर्सदै छैन। सामाजिक परिवारको माध्यमबाट मेरो सशक्तीकरण भएर म आत्मसम्मानका साथ जिउन सक्ने भएकी छु।”



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: **samagra@mcmail.com.np**, वेभसाइट: **www.samagra-nepal.org**